आमचोक गाउँपालिका, भोजपुरद्वारा प्रकाशित

# स्थानीय राजपत्र

खण्ड : १०    संख्याः१    भागः २

कार्यपालिकाबाट स्वीकृत मितिः २०८३।०३।०३

## भाग-२

## आमचोक गाउँपालिका

आमचोक गाउँपालिका गाउँकार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधरणको जानकारीका लागि प्रकाशन गरिएको बेहोरा अनुरोध छ ।

**आमचोक गाउँपालिकाको हेभी इक्विपमेन्ट सञ्चालन सम्बन्धी कार्यविधि, २०८३**

# आमचोक गाउँपालिकाको हेभी इक्विपमेन्ट सञ्चालन सम्बन्धी कार्यविधि, २०८३

कार्यपालिकाबाट स्वीकृत मिति: २०८३/०३/०३

प्रमाणिकरण मिति: २०८३/०३/०३

प्रस्तावनाः आमचोक गाउँपालिका क्षेत्रभित्रका सडकहरू तथा भौतिक पूर्वाधारको निर्माण तथा मर्मत सम्भार, विपद् व्यवस्थापन, फोहरमैला व्यवस्थापन र तोकिए बमोजिम अन्य कार्यमा मापदण्ड बमोजिम प्रयोग गर्नका लागि गाउँपालिकाको स्वामित्वमा रहेको हेभी इक्यूपमेन्ट सञ्चालन र व्यवस्थापनका लागि देहायका शर्त, बन्देजमा रही सञ्चालन गर्ने गराउने गरी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ (२) ले दिएको अधिकार प्रयोग गरी आमचोक गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयले हेभी इक्यूपमेन्ट सञ्चालन कार्यविधि, २०८३ स्वीकृत गरी लागु गरेको छ।

## परिच्छेद-१

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यो कार्यविधिको नाम "आमचोक गाउँपालिकाको हेभी इक्वीपमेन्ट सञ्चालन सम्बन्धी कार्यविधि, २०८३" रहेको छ।

(२) यो कार्यविधि गाउँ कार्यपालिकाको बैठकबाट स्वीकृत भई राजपत्रमा प्रकाशन भएपश्चात् लागू हुनेछ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

(१) "ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लाई सम्झनुपर्दछ।

(२) "गाउँपालिका" भन्नाले आमचोक गाउँपालिकालाई सम्झनुपर्दछ।

(३) "गाउँसभा" भन्नाले आमचोक गाउँपालिकाको गाउँसभालाई सम्झनुपर्दछ ।

(४) "अध्यक्ष" भन्नाले आमचोक गाउँपालिकाका अध्यक्षलाई सम्झनुपर्छ।

(५) "उपाध्यक्ष" भन्नाले आमचोक गाउँपालिकाका उपाध्यक्षलाई सम्झनुपर्छ ।

(६) "गाउँ कार्यपालिका" भन्नाले आमचोक गाउँपालिकाको गाउँ कार्यपालिकालाई सम्झनुपर्छ ।

(७) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले आमचोक गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयका प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्दछ ।

(८) "ईञ्जिनियर" भन्नाले आमचोक गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयमा कार्यरत ईञ्जिनियरलाई सम्झनुपर्दछ ।

(९)"कार्यालय" भन्नाले आमचोक गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयलाई सम्झनुपर्दछ ।

(१०) "हेभी इक्वीपमेन्ट " भन्नाले आमचोक गाउँपालिकाले सञ्चालनमा ल्याएको एक्साभेटर, व्याक हो लोडरलाई सम्झनुपर्छ ।

(११) "मेसिन" भन्नाले एक्साभेटर र व्याक हो लोडरलाई सम्झनुपर्छ ।

(१२) "अपरेटर" भन्नाले एक्साभेटर, व्याक हो लोडर लगायतका हेभी इक्वीपमेन्ट सञ्चालन गर्ने प्राविधिक कर्मचारीलाई सम्झनुपर्छ।

(१३) "सहायक अपरेटर" भन्नाले एक्साभेटर, व्याक हो लोडर सञ्चालन तथा सुरक्षाका लागि सहयोग गर्ने कर्मचारीलाई सम्झनुपर्छ।

**३. उद्देश्यः** यस कार्यविधिको उद्देश्य देहाय बमोजिम रहेको छ।

१. आमचोक गाउँपालिकाको कार्यालयबाट सञ्चालन गरिने सडक लगायत भौतिक पूर्वाधार विकास निर्माणका कार्यहरु, निर्माण गरिएका सडकहरुको नियमितरुपमा मर्मत सम्भार गर्ने कार्य, नेपाल सरकारद्वारा सञ्चालित आयोजनाहरु, स्थानीय गाउँपालिकाबासी, स्थानीय सरकारी/ गैरसरकारी संघ/संस्था लगायत निर्माण ब्यवसायीद्वारा सञ्चालित विकास आयोजनाहरू तथा छिमेकी पालिकाहरूबाट सञ्चालित विकास आयोजना/योजनाहरुमा माग भए अनुसार प्राथमिकताका आधारमा मेसिनको प्रयोगमा एकरुपता ल्याउने।

२. गाउँपालिकाको लागि आवश्यक पर्ने सामग्रीहरु ढुवानी गर्ने र फोहरमैलालाई प्रभावकारी रुपमा व्यवस्थापन गर्ने।

## परिच्छेद २
## हेभी इक्वीपमेन्ट सञ्चालन प्रक्रिया

४. गाउँपालिकाको आवश्यकता बमोजिम हेभी इक्यूपमेन्ट सञ्चालन विधिः आमचोक गाउँपालिकाबाट पालिका भित्रका योजना तथा आयोजनाहरुमा देहायका प्रकृया पुरा भएपश्चात मात्र हेभी इक्विपमेन्ट फिल्डमा खटाइनेछः

१. गाउँपालिका अन्तर्गतका विकासका कार्यहरूमा प्रयोग गर्नुपर्ने भएमा वा सडकहरूको मर्मत सम्भार गर्नुपर्ने भएमा हेभी इक्यूपमेन्ट सञ्चालन हुने वडा कार्यालयले सम्बन्धित वडामा तोकिएका प्राविधिक कर्मचारीबाट स्थलगत नापजाँच सहितको लागत अनुमान सहित गाउँपालिकामा सिफारिस गर्नुपर्नेछ।

२. उपदफा (१) बमोजिम सिफारिस प्राप्त भए पश्चात सम्बन्धित वडामा तोकिएका प्राविधिकले स्थलगत नापजाँच गरी तयार गरिएको लागत अनुमानलाई इन्जियरियरले स्थलगत रुपमा रुजु गरी प्रमुख प्रशासकीय अधिकृतबाट स्वीकृत गराउनु पर्नेछ ।

३. उपदफा (२) बमोजिम स्वीकृत लागत अनुमानलाई दफा ११ बमोजिमको सञ्चालक समितिको बैठकबाट योजना सञ्चालनका लागि निर्णय भई आएमा योजना शाखा प्रमुखले अनुसूची १ बमोजिमको ढाँचामा मेशिन फिल्डमा खटाउनका लागि कायदिश उपलब्ध गराउनु पर्नेछ।

४. उपदफा (३) बमोजिम मेशिन फिल्डमा खटिइ काम सुरु गर्नुपूर्व र सम्पन्न भए पश्चातको तस्विर अपरेटर तथा सम्बन्धित वडा प्राविधिकबाट योजना शाखामा पेश गर्नुपर्नेछ।

५. कार्य सम्पन्न गरी कार्यालय फिर्ता भएपश्चात मेशिन अपरेटरले कामको विवरण सहित मिटरको अद्यावधिक अभिलेख सहित अनुसूची-३ बमोजिमको ढाँचामा लगबुक कार्यालय समक्ष पेश गर्नुपर्नेछ।

६. यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि विपदको कारण सडक अवरुद्ध भई तत्काल सडक खोल्नुपर्ने अवस्था भएमा तथा विपद व्यवस्थापनको कार्य गर्नुपर्ने भएमा अध्यक्षको आदेशमा काम गरी कार्यविधिमा उल्लेख भएबमोजिमको प्रक्रिया पुरा गरी अभिलेख राख्न बाधा पर्ने छैन।

५. हेभी इक्विपमेन्ट भाडामा दिदा अपनाउनुपर्ने प्रक्रिया:

(१) हेभी इक्विपमेन्ट माग गर्ने व्यक्ति वा संस्थाले अनुसूची १ मा उल्लेख भएबमोजिमको ढाचाँमा निवेदन पेश गर्नुपर्नेछ।

(२) हेभी इक्वीपमेन्ट माग गर्ने व्यक्ति वा संस्थाको माग निवेदन उपर योजना/प्राविधिक शाखाको सिफारिस अनुसार प्रमुख प्रशासकीय अधिकृतको आदेश पश्चात के कति समयको लागि माग गरिएको हो सो बराबरको तोकिएको शुल्क जम्मा गरेको सक्कलै भौचर पेश गर्नुपर्नेछ।

(३) वडा कार्यालय र गाउँपालिकाबाट विनियोजित बजेट अनुसार सडक निर्माण तथा मर्मत सम्भार र स्तरोन्नतीका लागि हेभी इक्वीपमेन्टको प्रयोग गर्नुपरेमा प्राविधिक मूल्यांकन बमोजिमको रकम विनियोजित बजेटबाट कट्टा गरी पालिकाको आन्तरिक राजस्व खातामा ट्रान्सफर गर्न सकिनेछ।

(४) हेभी इक्वीपमेन्ट माग गर्ने व्यक्ति वा संस्थाले गाउँपालिकाले तोकेको शुल्क रकम बुझाएपश्चात गाउँपालिकाले आफैले सञ्चालन गर्ने कामलाई बाधा नपर्ने गरी पहिला दर्ता भएको निवेदनलाई पहिलो प्राथमिकता दिई मेशिन खटाइने छ। यसको अतिरिक्त कामको प्रकृतिलाई समेत मध्यनजर गर्दै प्राथमिकताको आधारमा खटाउने व्यवस्था मिलाइने छ।

(५) अपरेटरलाई गाउँपालिकाको कार्यालयको स्वीकृत लिखित आदेश बिना कुनै स्थान विशेषमा मेशिन सञ्चालन गर्ने अधिकार रहने छैन।

(६) निवेदकले माग गरेको समय भन्दा बढी समयसम्म काम गर्नुपर्ने भएमा अपरेटरले तत्काल कार्यालयमा जानकारी गरी थप कार्यादेश लिई थप काम गर्ने समयको शुल्क अग्रिम जम्मा गरेपश्चात मात्र मेशिन सञ्चालन गर्नुपर्नेछ।

(७) मेशिन फिल्डमा खटाउँदा कार्यालयको कम्पाउण्डदेखि वा मेशिन रहेको स्थानबाट नै मेशिनको शुरु अंक गणना गरी काम सम्पन्न नभएसम्मको लागि गणना गरी आर्थिक ऐनमा तोकिएको शुल्क मेशिन प्रयोगकर्ताले बुझाउनु पर्नेछ ।

(८) उपभोक्ता समितिबाट सञ्चालन हुने योजनाहरुको सम्झौता भई कार्यसञ्चालन गर्न तत्काल रकम बुझाउन नसक्ने भएमा समितिको माग बमोजिम कार्यसम्पन्न भई भुक्तानी हुँदा हेभी इक्वीपमेन्ट प्रयोग गरेबापतको रकम कट्टा गरी आन्तरिक राजस्व खातामा ट्रान्सफर गर्ने र बाँकी रहेको रकम मात्र भुक्तानी गर्ने गरी इक्वीपमेन्ट उपलब्ध गराउन सकिनेछ।

(९) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि गाउँपालिका क्षेत्रभित्र उपभोक्ता समितिबाट सञ्चालित गाउँस्तरीय र वडास्तरीय आयोजनाको हकमा मेशिन प्रयोग गर्नु पर्दा स्वीकृत लागत अनुमान बमोजिम मेशिन प्रयोग गरी आयोजनाको रकम भुक्तानी हुँदा मेशिनको

भाडा वापतको रकम आन्तरिक आयमा जम्मा गरी बाँकी रकम उपभोक्ता समितिको नाममा भुक्तानी गर्न बाधा पर्ने छैन ।

(१०)कार्यदिशमा तोकिएको समय भन्दा निवेदकले कम समयमात्र काम गराएमा कार्यदिशमा तोकिएको पुरै काम भएको मानिनेछ।

६. लाभग्राहीले इन्धन व्यहोर्ने गरी हेभि इक्युपमेन्ट उपलब्ध गराउन सकिनेः

(१) कुनै विकास निर्माण वा मर्मत सम्भारका आयोजना सञ्चालन गर्नका लागि स्थानीय लाभग्राहीले इन्धन खर्च व्यहोर्ने गरी वडा कार्यालयबाट हेभी इक्वीपमेन्ट मागको सिफारिस भई आएमा हेभी इक्वीपमेन्ट सञ्चालक समितिले हेभी इक्वीपमेन्ट सञ्चालनको इन्धन खर्च स्थानीय लाभग्राहीले नै व्यहोर्ने गरी निर्णय गरेर सो स्थानमा हेभी इक्वीपमेन्ट उपलब्ध गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम हेभी इक्वीपमेन्ट माग गर्दा टोलस्तरबाट माग भएको भए टोलको निर्णय सहित वडा कार्यालयको सिफारिस र वडास्तरबाट माग भएको भए वडा समितिको निर्णय सहित वडा कार्यालयको पत्र आवश्यक पर्नेछ।तर व्यक्तिगत र व्यवसायिक प्रयोजनका लागि राजस्व समितिको निर्णयानुसार राजस्व दाखिला गर्न लगाई मेशिन उपलब्ध गराउन सकिनेछ।

७. हेभी इक्वीपमेन्ट सञ्चालन सेवा शुल्क :

(१) कुनै ब्याक्ति वा संघ संस्थाबाट हेभी इक्वीपमेन्ट माग भै आएमा सोको लागि लाग्ने सेवा शुल्क गाउँ सभाले स्वीकृत गरेको आर्थिक ऐनमा तोकिए बमोजिम हुनेछ। तर आर्थिक ऐनमा ब्यवस्था नभएसम्मका लागि गाउँ सभाबाट अनुमोदन गर्नेगरी गाउँ कार्यपालिका बैठकले तोके बमोजिम हुनेछ ।

८. हेभी इक्वीपमेन्ट सञ्चालन तथा ब्यवस्थापन खर्च सम्बन्धी ब्यवस्था

(१) हेभी इक्वीपमेन्ट सञ्चालन तथा व्यवस्थापनका लागि वार्षिक रुपमा आवश्यक पर्ने रकम सञ्चित कोषबाट मर्मत सम्भार कोषमा ट्रान्सफर गर्ने गरी विनियोजन ऐन मार्फत बजेटको व्यवस्था गरिनेछ ।

(२) आमचोक गाउँपालिकामा रहेको हेभी इक्वीपमेन्ट सञ्चालनका लागि आवश्यक पर्ने रकम मर्मत सम्भार कोषबाट विनियोजन गरी व्यवस्थापन गरिनेछ ।

(३) कोषमा जम्मा भएको रकम देहाय बमोजिमको कार्यमा खर्च गर्ने गरी विनियोजन गरिनेछः

(क) हेभी इक्वीपमेन्ट को सञ्चालन, मर्मत सम्भार तथा इन्धन वापतको रकम भुक्तानी गर्न।

(ख) मेशिन अपरेटरको र अपरेटर सहायकको भत्ता वापतको रकम भुक्तानी गर्न (भत्ता वापतको रकम भुक्तानीको लागि अनुसूची ३ बमोजिमको प्रमाणित लगबुक आर्थिक प्रशासन शाखामा पेश गर्नुपर्नेछ।

(ग) मेशिन सञ्चालन गर्दा आइपर्ने विविध तथा भैपरी खर्च।

९. इन्धन तथा मर्मत सम्वन्धी व्यवस्था

(१) मेशिन अपरेटरले इन्धन तथा लुब्रिकेन्टस् माग गर्दा कार्यालयले निर्धारण गरेको माग फाराम भरी प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकारी समक्ष पेश गर्नु पर्नेछ। इन्धन तथा लुब्रिकेन्टस खपतको अद्यावधिक लगत मेशिन अपरेटरले तयार गरी ईञ्जिनियरको सिफारिस सहित पेश गर्नु पर्नेछ।

(२) इन्धन तथा लुब्रिकेन्टस र मर्मतसम्बन्धी सम्पूर्ण कार्यको विस्तृत लगत गाउँ कार्यपालिकाको कार्यालयको जिन्सी शाखामा अद्यावधिक राखिनेछ ।

(३) मेशिन बिग्रिई सञ्चालन गर्न नसकिने भएमा अपरेटरले अनुसूची ४ बमोजिमको ढाँचामा कार्यालयमा लिखित जानकारी गराउनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिमको जानकारी प्राप्त भएपछि जिन्सी शाखाले वर्कसपमा चेकजाँच गराई मर्मत गर्नुपर्ने कार्यको विस्तृत विवरण माग गरी मर्मत आदेश स्वीकृत भएपश्चात् मात्र मर्मत सम्भारको कार्य गरिनेछ।

(५) मर्मत सम्भारका कार्य गर्दा गराउँदा मेशिन अपरेटर वा ईञ्जिनियर वा जिन्सी शाखाका प्रतिनिधि मध्ये कम्तिमा पनि एक जना वर्कसपमा रहनु पर्नेछ ।

१०. अपरेटर सम्बन्धी व्यवस्था :

(१) हेभी इक्वीपमेन्ट सञ्चालन गर्न एक/एकजना अपरेटर र आवश्यकता अनुसार सहायक अपरेटर रहनेछ।

(२) अपरेटरको नियुक्ति गाउँपालिकाको करार कर्मचारी नियुक्ति सम्बन्धी कार्यविधि बमोजिम हुनेछ ।

(३) अपरेटरको तलब स्केल गाउँ कार्यपालिकाले तोके बमोजिम हुनेछ। तलब स्केलका अतिरिक्त मेशिन सञ्चालन भएको अवधिको कार्य दिन ४ घण्टा भन्दा थप समय काम गर्नुपर्ने भएमा र सार्वजनिक विदाका दिन समेत काम गरेमा स्काभेटर अपरेटरलाई प्रतिघण्टा रु.२०० ( दुई सय रुपैंया) र व्याक हो लोडर अपरेटरलाई प्रतिघण्टा रु.२५० (दुई सय पचास रुपैंया) थप फिल्ड भत्ता रकम उपलब्ध गराइनेछ।

(४) सहायक अपरेटरको तलब, भत्ता गाउँ कार्यपालिकाले तोके बमोजिम हुनेछ।

(५) अपरेटरको जिम्मेवारी तथा कर्तव्य करार सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ।

(६) अपरेटरको काममा सहयोग गर्न दफा ११ बमोजिमको सञ्चालक समितिले एकजना कर्मचारीलाई सहयोगीको रुपमा तोक्न सक्नेछ।

(७) अपरेटर तथा अपरेटर सहयोगीले कार्यालयले दिएको कार्य विवरण र निर्देशन विपरीत काम गर्नाले हानी नोक्सानी हुन गएमा तत्काल एकतर्फी करार भङ्ग गरी क्षतिपूर्ति असुलउपर गरिनेछ

(८) चालक र सहचालकको दुर्घटना विमा कार्यालयको तर्फबाट गर्न सकिनेछ।

११. हेभी इक्वीपमेन्ट सञ्चालक समितिः (१) हेभी इक्वीपमेन्ट मेसिनलाई सञ्चालन तथा व्यवस्थापनका लागि गाउँपालिका अध्यक्षको संयोजकत्वमा तपसिल बमोजिमको एक समिति रहने छः

(क) गाउँपालिका अध्यक्ष- संयोजक

(ख) पूर्वाधार विकास समिति संयोजक- सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत - सदस्य
(घ) आर्थिक प्रशासन शाखा प्रमुख – सदस्य
(ङ) प्राविधिक शाखा प्रमुख – सदस्य
(च) जिन्सी शाखा प्रमुख - सदस्य
(छ) योजना शाखा प्रमुख — सदस्य सचिव

(२) सञ्चालक समितिले आवश्यकता अनुसार हेभी इक्वीपमेन्ट सञ्चालनको अवस्था तथा सोको अनुगमन निरीक्षण गर्न सक्नेछ ।

(३) मेशिनको सञ्चालन मर्मत सम्भार र सुरक्षाका सम्बन्धमा सञ्चालक समितिले आवश्यक निर्देशन दिन सक्नेछ।

(४) सञ्चालक समितिको बैठक न्यूनतम दुई महिनाको एक पटक बस्नेछ र आवश्यकतानुसार जतिसुकै पटक पनि बस्न सक्नेछ। सो बैठकमा मेशिन खटिएको अनुसूची ३ बमोजिमको विवरण र सोबाट प्राप्त आय र व्ययको विवरण सहितको दफा ६ बमोजिमको कोषको यथार्थ अवस्था बैठकमा पेश गरी अनुमोदन गराउनु पर्नेछ।

(५) बैठकको गणपुरक सङ्ख्या संयोजक सहित पचास प्रतिशत वा सो भन्दा बढीलाई मानिनेछ। बहुमत सदस्यको निर्णय मान्य हुनेछ। समितिको बैठक जतिसुकै बसेपनि वर्षमा दश भन्दा बढी बैठक बसे बापतको बैठक भत्ता वापतको रकम भुक्तानी गरिने छैन।

## परिच्छेद ३
## विविध

१२. दायित्व र जिम्मेवारी सम्बन्धी ब्यवस्था :

(१) माइल मिटर र आवश्यक उपकरणसहित हेभी इक्वीपमेन्ट मेशिन चुस्त दुरुस्त राख्ने र इन्धन ल्युब्रिकेन्टस् आदिको लगबुक अद्यावधिक राख्ने दायित्व मेशिन अपरेटरको हुनेछ ।

(२) अपरेटर सहयोगीले मेशिन अपरेटरलाई आवश्यक सहयोग गर्ने र मेशिन सञ्चालनमा रहदा सम्भावित दुर्घटनाको चनाखो गरी ख्याल गर्नुपर्नेछ।

(३) प्रमुख प्रशासकीय अधिकृतले यस कार्यविधि बमोजिम आफुलाई प्राप्त सबै वा केही अधिकार र जिम्मेवारी कुनै अधिकृत कर्मचारीलाई प्रदान गर्न सक्नेछ ।

(४) प्रमुख प्रशासकीय अधिकृत, तोकिएको कर्मचारी, ईञ्जिनियर र जिन्सी शाखा प्रमुखले मेसिन चुस्त दुरुस्त राख्न ध्यान दिनु पर्नेछ ।

१३. कार्यविधिमा संशोधन :

आमचोक गाउँ कार्यपालिकाले यस कार्यविधिमा आवश्यकतानुसार संशोधन वा हेरफेर गर्न सक्नेछ।

१४. बाधा अड्काउ फुकाउन सक्ने : यस कार्यविधिको कार्यान्वयनको क्रममा कुनै किसिमको द्विविधा उत्पन्न भएमा वा बाधा अड्काउ आई परेमा कार्यविधिको ब्याख्या गर्ने र बाधा अड्काउ फुकाउने अधिकार गाउँ कार्यपालिकामा रहनेछ ।

१५. बचाउ र खारेजीः आमचोक गाउँपालिकाबाट हेभी इक्वीपमेन्ट सञ्चालन सम्बन्धमा यस अघि भए गरेका कार्यहरु समेत यसै ऐन बमोजिम भए गरेको मानिनेछ।

अनुसूची १

(दफा ५ को उपदफा (१) सँग सम्बन्धित)

हेभी इक्विपमेन्ट माग निवेदन

मिति:

श्री आमचोक गाँउपालिका, गाँउ कार्यपालिकाको कार्यालय,
बालंखा भोजपुर।

विषय: हेभी इक्वीपमेन्ट उपलब्ध गराईदिनुहुन।

प्रस्तुत विषयमा आमचोक गाउँपालिका वडा नं......... स्थित............................................ कार्यको लागि गाउँपालिकाको नियमानुसार ब्याक हो लोडर/स्काभेटर/टयाक्टर तपसिलमा उल्लेख भएबमोजिमको समयको लागि नियमानुसार लाग्ने शुल्क भुक्तानी गरिसकेको/ गर्ने गरी उपलब्ध गराइदिनुहुन अनुरोध छ।

**<u>हेभी इक्वीपमेन्ट माग गर्नेले भर्ने:</u>**

| मेसिन माग गर्ने व्यक्ति/संस्थाको नाम र ठेगाना | कामको विवरण | मेसिन प्रयोग हुने स्थान | माग गरिएको समय र दिन | अनुमानित समय | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |

माग गर्नेको दस्तखत:

संस्था/समितिको छाप:

<u>कार्यालयले भर्ने</u>

| खटिने स्थानसम्म पुग्न लाग्ने अनुमानित समय | माग गरिएको समय र दिन | अनुमानित लाग्ने समय | अनुमानित समयको शुल्क | जम्मा गर्नुपर्ने शुल्क रु. |
|---|---|---|---|---|
| | | | | |

................. ...................... .....................

पेश गर्ने     परीक्षण गर्ने     सिफारिस गर्ने

राजश्व शाखाले भर्ने:

| रसिद नं. र मिति | जम्मा गरिएको रकम | रकम बुझ्नेको दस्तखत |
|---|---|---|
| | | |

....................

राजश्व शाखा प्रमुख

अनुसूची २

(दफा ४ को उपदफा ३ सँग सम्बन्धित)

श्री................................. शाखा/इकाई,

विषय : कार्यदिश दिइएको सम्बन्धमा ।

श्री.......................................................................को मिति .........................निवेदन बमोजिम हेभी इक्वीपमेन्ट सञ्चालक समितिको मिति ............... को निर्णयानुसार हेभी इक्वीपमेन्ट सञ्चालन कार्यविधि, २०८३ को अधिनमा रही तपशिल बमोजिम सञ्चालनका लागि अनुमति प्रदान गरिएको छ।

| खटिइएको वडा र स्थान | गाउँपालिकाबाट खटिएको स्थानमा पुग्न लाग्ने अनुमानित समय | कार्य सम्पन्न गर्न लाग्ने अनुमानित समय | जम्मा समय | कैफियत |
|---|---|---|---|---|
| | | | | |

.........................

योजना शाखा प्रमुख

अनुसूची ३

(दफा ५ को उपदफा (७) र दफा ५ को उपदफा (९) सँग सम्बन्धित)

आमचोक गाउँपालिका

गाँउ कार्यपालिकाको कार्यालय्

बालंखा, भोजपुर

हेभी इक्वीपमेन्ट सञ्चालन लगबुक

सवारी साधनको प्रकार र नं. अपरेटरको नाम, थर:

साल महिनाको मासिक लगबुक

| क्र.सं. | कार्यस्थल को नाम | मिति | काम को विवरण | मिटर को सुरु अंक | अन्तिम अंक | जम्मा घण्टा, मिनेट | इन्धन खपत अनुमानित | अन्य खर्च | अपरेटर को हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | कुल जम्मा | | | | | | | | | |

| ..................... | ............................ | ............................... |
|---|---|---|
| सिफारिस गर्ने | रुजु गर्ने | प्रमाणित गर्ने |
| (इन्जिनियर) | (योजना शाखा प्रमुख) | (प्रमुख प्रशासकीय अधिकृत) |

अनुसूची ४

(दफा ९ को उपदफा (१) सँग सम्बन्धित)

हेभी इक्वीपमेन्ट मर्मत सम्बन्धी निवेदन फारमको ढाँचा

मिति:

श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू,
आमचोक गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
बालंखा, भोजपुर।

विषय: हेभी इक्वीपमेन्ट मर्मत सम्बन्धमा।

यस गाउँपालिकाले सञ्चालनमा ल्याएको स्काभेटर/ ब्याक हो लोडर/टयाक्टरको तपसिल बमोजिमको पार्टसमा खराबी आएको र तत्काल मर्मत सम्भार गर्नुपर्ने देखिएको हुंदा चेकजाँच गराई मर्मतको व्यवस्था मिलाइदिनुहुन सादर अनुरोध छ।

| इक्वीपमेन्टको नाम | मर्मत गर्नुपर्ने विवरण | परिमाण | मर्मत माग गर्ने चालकको नाम र दस्तखत | सिफारिस गर्ने प्राविधिक | सामान फेर्नुपर्ने वा मर्मत गर्नुपर्ने | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |

मेसिन अपरेटरको दस्तखत:
नाम:
मिति:
उपरोक्त सामान फेर्नुपर्ने र मर्मत गर्नुपर्ने देखिएकोले सिफारिस गर्दछु।
सिफारिस गर्ने इन्जिनियरको दस्तखत:
नाम:

स्वीकृत गर्ने:

**स्वीकृत मिति: २०८३।०३।०३**

आज्ञाले
जनक बस्नेत
प्रमुख प्रशासकीय अधिकृत